# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :
चलानी नम्बर :

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८१/१०।०४

आ.व २०८१/८२ मा यस मालारानी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/१०/१८) भित्र यस कार्यालयमा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीको लागि मालारानी गाउँपालिकाको पशु विकास शाखामा सम्पर्क गर्न सकिनेछ । रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

| क्र.स | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरु | अनुदानको सीमा |
|---|---|---|---|---|
| १. | बाख्रा प्रवर्द्धन कार्यक्रम | -फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन हुने<br>-कृषि फर्मको कम्तिमा १० माउ बाख्रा पालन गरेको हुनु पर्ने।<br>-समुह/सहकारीको हकमा कम्तीमा १५० माउ बाख्रा पालन गरेको हुनु पर्ने।<br>-पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिइनेछ । | -खोर निर्माण/सुधार dipping tank<br>-खरिद/निर्माण तथा जडान<br>-मेसिनरी औजार<br>-उन्नत घास खेति<br>-नश्लसुधार<br>-औषधी/उपचार तथा खोप<br>-जैविक सुरक्षा । | -पूर्वाधार र नश्लसुधारमा ७५ प्रतिशत<br>-अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>-फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. ५० हजार र समूह/सहकारी<br>-अधिकतम रु ३ लाख सम्म अनुदान दिन सक्ने । |

संलग्न गर्नु पर्ने कागजातहरुः

१.प्रस्तावकको निवेदन ।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
३.दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/कम्पनी/सहकारी)
४.स्थायी लेखा नं प्रमाणपत्र तथा हालको आर्थिक बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (समुह/निजि फर्म/कम्पनी/सहकारी)
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव ।
६. सम्बन्धित वडाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा) ।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार सम्झौता कम्तिमा ५ बर्षको) ।
१०.गत आ.व मा अन्य कुनै सरकारी निकायबाट सोही प्रयोजनको लागि अनुदान प्राप्त गरेको वा नगरेको स्व-घोषणा पत्र।
११.कृषि विकास बैंकबाट सहुलियत ऋण प्राप्त गरेको वा नगरेको खुल्ने कागजात ।

२०८१/१०/०४
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र सहकारी समृद्ध मालारानी"

ई-मेलः malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेबसाईटः www.malaranimun.gov.np